# India Inc. Global Week 2020 मा प्रधानमन्त्री मोदीको सम्बोधन

विभिन्न क्षेत्रबाट पाल्नुभएका सम्पूर्ण अतिथिहरुमा भारतका तर्फबाट अभिवादन, नमस्कार । यस कार्यक्रमको आयोजना गरेकोमा India Inc Group प्रति आभारी छु । यस संस्थाले विगतका वर्षदेखि आयोजना गर्दै आएका राम्रा कार्यक्रम मध्ये यो पनि एक हो । तपाईंहरुका कार्यक्रमले भारतमा भएको अवसरहरुलाई विश्व समुदाय सामु ल्याउन सघाउ पुऱ्याउनुका साथै यसले भारत र बेलायतबीच सम्बन्ध कायम राख्न पनि मद्दत गरेको छ । यो संस्थाले यस वर्ष अन्य साझेदारसँग पनि पहुँच विस्तार गरेकोमा म हर्षित छु । यसका लागि म पुनः बधाई दिन चाहन्छु । आशा छ, अर्को वर्ष तपाईंहरुले थप सफलता हासिल गर्नुहुनेछ ।

साथीहरु, वर्तमान समयमा पुर्नजागरणबारे चर्चा गर्नु स्वभाविक बनेको छ । साथै, विश्वव्यापी पुर्नजागरण र भारतलाई जोडेर हेर्नु पनि उत्तिकै सान्दर्भिक छ । विश्वव्यापी पुर्नजागरणमा भारतको नेतृत्वदायी भूमिका हुनेछ भन्ने विश्वास रहँदै आएकोमा मैले यसका दुई पक्षलाई कारक मानेको छु । पहिलो भारतीय प्रतिभा हो । विश्वभर नै भारतको बौद्धिक बलको योगदानलाई तपाईँ सबैले देख्नुभएकै छ । जसमा भारतीय पेशा व्यवसायी, डाक्टर, नर्स, बैंकर, वकिल, वैज्ञानिक, प्राध्यापक र हाम्रा मिहेनती कामदारहरु पर्छन् । साथै, भारतीय प्राविधिक उद्योग तथा प्राविधिक व्यवसायीहरुलाई कसले बिर्सन सक्छ । उनीहरुले दशकौंदेखि मार्गप्रशस्त गरेका छन् । भारत बौद्धिकताको उर्जा केन्द्र हो जो योगदान गर्न र सिक्नका लागि हरदम तत्पर रहन्छ । यो दोहोरो तालमेल एकदमै लाभदायी छ ।

मित्रहरु, दोस्रो पक्ष भनेको सुदृढ र पुर्नजागृत हुनसक्ने भारतीय क्षमता हो । भारतीयहरु प्राकृतिक रुपमै सुधारवादी हुन् । इतिहास साक्षी छ, सामाजिक होस् या आर्थिक भारतले सबै प्रकारका चुनौतीलाई पार गरेको छ । यो सबै सुधार र पुर्नजागृत हुने साहसले नै सम्भव भएको हो र सोही भावना वर्तमानमा पनि जारी छ ।

साथीहरु, एकातर्फ भारत विश्वव्यापी महामारी विरुद्ध लडिरहेको छ भने अर्को तर्फ सर्वसाधारणको स्वास्थ्यलाई केन्द्रमा राख्दै अर्थतन्त्रको स्वास्थबारे पनि उत्तिकै ध्यान दिनुपरेको छ । जब भारतले पुर्नजागरणको कुरा गर्छ, त्यो संरक्षणसहितको पुर्नजागरण, संवेदनासहितको पुर्नजागरण र वातावरण र अर्थतन्त्र दुवैलाई दिगो बनाउने पुर्नजागरण हुन् । हामी भारतमा त्यस्तो संस्कृतिबाट मान्दै आएका छौं जहाँ सबैले प्रकृतिलाई पुज्छन् । पृथ्वी हाम्री आमा र हामी उनका सन्तति हौं भन्ने विश्वास भारतमा छ ।

मित्रहरु, गएको ६ वर्षमा भारतले कूल वित्तीय समावेशन, आवास तथा पूर्वाधार निर्माण, Ease of Doing Business, जीएसटी (वस्तु तथा सेवा कर) लगायतका कर सुधार, विश्वको सबैभन्दा ठूलो स्वास्थ्य सेवा योजना 'आयुष्मान भारत' जस्ता क्षेत्रमा ठूलो उपलब्धि हासिल गरेको छ । यी उपलब्धिहरुले विकासका आगामी प्रयासहरुका लागि आधारशीला तय गरेका छन् ।

मित्रहरु, भारतीयहरु असम्भव ठानिएका कुराहरुलाई सार्थक बनाउने साहस राख्दछन् । त्यसैले पनि आर्थिक सुधारको कुरामा हामी पहिले देखि नै सुधारोन्मुख अवस्थामा छौं । महामारीको यस घडीमा हामीले हाम्रा जनतालाई राहत प्रदान गरेका छौं र धेरै संरचनात्मक सुधारहरु गरेका छौं । हाम्रो अर्थतन्त्रलाई अझ बढी फलदायी, लगानी मैत्री तथा प्रतिस्पर्धी बनाइरहेका छौं ।

अधिकतम सहयोग पुऱ्याउने हेतु तयार पारिएको हाम्रो हाम्रो राहत प्याकेज सुव्यवस्थित छ र यो अति विपन्न वर्ग प्रति लक्षित रहेको छ । प्रविधिलाई विशेष धन्यवाद जसको मद्दतले हरेक रुपैयाँ लाभार्थीहरुसम्म प्रत्यक्ष रुपमा पुगेको छ । राहतमा प्याकेजमा निःशुल्क खाना पकाउने ग्यास, बैंक खातामा नगद, लाखौं व्यक्तिहरुका लागि निःशुल्क खाद्यान्न लगायत अन्य धेरै सुविधाहरु रहेका छन् । बन्दाबन्दी गर्ने निर्णय गरेसँगै हामीले लाखौं कामदारहरुलाई रोजगारी प्रदान गर्न हेतु संसारकै सबैभन्दा ठूलो सार्वजनिक निर्माण

कार्यक्रमको थालनी गरेका छौं । यसले ग्रामीण अर्थतन्त्रलाई उर्जा प्रदान गर्नुका साथै ग्रामीण क्षेत्रमा दिगो पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउनेछ ।

मित्रहरु, भारत विश्वमै खुला अर्थव्यवस्था भएको मुलुकहरु मध्ये एक हो । हामी सबै ग्लोबल कम्पनीहरुलाई भारतमा आउन र आफ्नो उपस्थिति स्थापित गर्न हार्दिक आमन्त्रण गर्दछौं । भारतले गरेको यस किसिमको प्रस्ताव निकै कम मुलुकहरुले गर्छन् । भारतका विविध उदयीमान क्षेत्रहरुमा धेरै सम्भावना तथा अवसरहरु रहेका छन् । कृषि क्षेत्रमा गरिएको सुधारले भण्डारण तथा लजिस्टिकमा लगानी गर्न अत्यन्तै आकर्षक अवसर प्रदान गरेको छ । हामी लगानीकर्ताहरुलाई भारतमा आउन र हाम्रा किसानहरुको कडा परिश्रममा प्रत्यक्ष लगानी गर्न स्वागत गरिरहेका छौं ।

मित्रहरु, हामीले सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालय (एमएसएमई) मा धेरै सुधारहरु ल्याएका छौं । एमएसएमइले ठूला उद्योगहरुलाई टेवा पनि दिनेछ । रक्षा क्षेत्रमा लगानीका अवसरहरु छन् । विदेशी प्रत्यक्ष लगानी (एफडिआई) को लचिलो मापदण्ड सहित विश्वकै सबैभन्दा ठूलो मध्येको एक भारतीय सेनाले यहाँहरुलाई भारतमा आउन र यसका लागि सामाग्री उत्पादन गर्न आह्वान गर्दछ । अन्तरिक्ष क्षेत्रमा निजी लगानीको लागि अहिले अझ बढी अवसरहरु छन् । यसको अर्थ मानिसको फाइदाका लागि अन्तरिक्ष प्रविधिको व्यवसायिक प्रयोगमा बढी पहुँच हुनेछ । भारतको प्रविधि तथा नयाँ स्थापित व्यवसायिक क्षेत्र रहरलाग्दो छ । यहाँ लाखौं डिजिटल रुपमा सशक्त र आकांक्षी व्यक्तिहरुको बजार छ । कल्पना गर्नुहोस् ती उत्पादनबारे जुन तपाई यिनीहरुका लागि बनाउनु हुनेछ ।

मित्रहरु, भारतको औषधि उद्योग भारतको लागि मात्र नभएर सम्पूर्ण विश्वको लागि एक सम्पत्ति हो भनेर यस महामारीले पुनः एकपटक पुष्टि गरेको छ । यसले विशेष गरी विकासोन्मुख राष्ट्रहरुका लागि औषधीमा लाग्ने लागत घटाउनमा प्रमुख भूमिका खेलेको छ । विश्वभरीका बालबालिकालाई आवश्यक पर्ने दुई तिहाई खोपहरु भारतमा उत्पादन हुन्छन् ।

आज पनि, हाम्रा कम्पनीहरु कोभिड-१९ का विरुद्ध लड्ने खोपको विकास तथा उत्पादनका लागि अन्तर्राष्ट्रिय प्रयासमा सक्रिय छन् । म विश्वस्त छु, यस खोपको आविष्कार सँगै यसको विकास तथा उत्पादनमा भारतको अहम भूमिका हुनेछ ।

मित्रहरु, १ अर्ब ३० करोड भारतीय जनताले आत्मनिर्भर भारत बन्नका लागि आह्वान गरेका छन् । आत्मनिर्भर भारतले स्वदेशी उत्पादन र उपभोगलाई विश्वव्यापी सप्लाई चेनसँग जोड्ने काम गर्दछ । आत्मनिर्भर भारत बन्नुको अर्थ अरुबाट अलग तथा विश्वको सम्पर्कबाट टाढा रहनु होइन बरु यो त स्वावलम्बी बन्नु र आफ्नै उत्पादनमा निर्भर रहनु हो । हामीले दक्षता, समता र लचकता प्रवर्द्धन गर्ने नीति अवलम्बन गरेका छौं ।

मित्रहरु, यस मञ्चले पण्डित रविशंकरको १०० औं जन्मजयन्तीलाई पनि स्मरण गराएकोमा मलाई खुशी लागेको छ । उनले भारतीय शास्त्रीय सङ्गीतको सौन्दर्यलाई विश्वमाझ पर्‍याए । अभिवादनमा प्रयोग गरिने ‘नमस्ते’ शब्द कसरी विश्वव्यापी बन्दै गइरहेको छ त्यो पनि यहाँहरुले देख्नुभएकै छ । साथै, महामारीका समयमा विश्वभर योग, आयुर्वेद र परम्परागत औषधिहरु प्रतिको आकर्षण बढ्दो छ । भारतीय प्राचीन संस्कृति, सर्वव्यापी लोकाचार र शान्तिपूर्ण सौहार्दता नै हाम्रो बल हो ।

साथीहरु, विश्वव्यापी कल्याण र समृद्धिलाई अघि बढाउन भारतले गर्नसक्ने सबै कुराका लागि तत्पर छ । यो सुधार, क्रियाशील र रुपान्तरण भइरहेको भारत हो । यो नवीन आर्थिक अवसरहरु प्रदान गर्ने भारत हो । यो त्यो भारत हो जसले विकासको मानवकेन्द्रित र समावेशी विधिलाई अपनाएको छ ।

भारत तपाईंहरुको प्रतिक्षामा छ ।

नमस्ते, धेरै धेरै धन्यवाद ।